# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
# United Ajod Insurance Limited
United by Trust

(साबिकका **यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि.** र **अजोड इन्स्योरेन्स लिमिटेड** एक आपसमा गाभिएर बनेको बीमक)

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, काठमाडौं, नेपाल
फोन: ०१-५३३३७४३, ५३४३३०३, ५३४४०१३, ५३४३०७३, टोल फ्रि नं.: १६६०-०१८६४९६
E-mail: info@unitedajodinsurance.com, Web: www.unitedajodinsurance.com


# अजोड स्वास्थ्य परिवार बीमा

अनुसूचीमा उल्लेख भएको प्रस्ताव र उद्घोषणलाई यस करारको आधार मान्ने गरी **यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड** (यस पछि बीमक भनिएको) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम बीमाशुल्क भुक्तानी पनि प्राप्त भए अनुसार जोखिम बहन गर्ने र दावी भुक्तानी पाउने व्यक्ति/परिवारको कानूनी अधिकार भएको अवस्थामा यस करारको अधीनमा रही यस बीमालेख बमोजिमका रकमहरू बीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ ।

| **वहन गरिने जोखिमको सीमाहरू** | **सुबिधा १** | **सुबिधा २** | **सुबिधा ३** |
|---|---|---|---|
| दुर्घटना बीमा सुबिधा प्रति व्यक्ति | रु. ७,००,०००/- | रु. ७,००,०००/- | रु. १०,००,०००/- |
| औषधोपचार बीमा सुबिधा प्रति व्यक्ति | रु. १,००,०००/- | रु. २,००,०००/- | रु. ४,००,०००/- |
| घातक रोग बीमा सुबिधा प्रति व्यक्ति | रु. २,००,०००/- | रु. ५,००,०००/- | रु. १०,००,०००/- |

**बीमालेखले वहन गर्ने जोखिमका प्रकार**

१. दुर्घटना बीमा जोखिम निम्न तालिकाको आधारमा वहन गरिने छ ।

**दुर्घटना बीमाको तालिका**

यस बीमालेखको अनुसूची लाभको तालिका, परिभाषा, अपवादहरू र पूर्तिहरू यस करारनामाको अभिन्न अंग मानिनेछ ।

**लाभको तालिका**

| **खण्ड** | **घटना** | **लाभ** |
|---|---|---|
| | दुर्घटना घटेको १८३ दिनभित्र त्यस्तो दुर्घटनाको एक मात्र र प्रत्यक्ष कारणबाट बीमितको | |
| (क) | मृत्यु भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्क रकम । |
| (ख) | अ) स्थायी पूर्ण अशक्तता भएमा, वा<br>आ) निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति<br>इ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोलीगाँठोको जार्नी वा सो भन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने भएमा, वा<br>ई) एउटा हातको नाडी वा एउटा खुट्टाको गोलीगाँठोको जोर्नी वा सो भन्दा माथिदेखि र एउटा आँखाको दृष्टि पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्क रकम । |
| (ग) | अ) एउटा आँखाको दृष्टि पूर्ण रूपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिदेखि शारीरिक रूपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) बोल्ने क्षमता पूर्ण रूपले क्षति भएमा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्कको ५० प्रतिशत रकम । |
| | उ) एउटा कानको सुन्ने शक्ति पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्कको २० प्रतिशत रकम । |
| | ऊ) हातको बुढी औंलाको पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्कको २० प्रतिशत रकम । |
| | ए) हातको चोर औंलाको पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्कको १५ प्रतिशत रकम । |
| | ऐ) हातको अरू कुनै औंलाको पूर्ण रूपले क्षति भएमा | अनुसूचीमा उल्लिखित बीमाङ्कको ७ प्रतिशत रकम प्रति औंला । |
| | ओ) खुट्टाको बुढी औंलाको पूर्ण रूपले क्षति भएमा<br>औ) खुट्टाको अरू कुनै औंलाको पूर्ण रूपले क्षति भएमा प्रति औंला । | अनुसूचीमा उल्लिखित बीमाङ्कको ५ प्रतिशत रकम ।<br>अनुसूचीमा उल्लिखित बीमाङ्कको ४ प्रतिशत रकम |
| | अं) अन्य कुनै अंगभंग भएमा | सम्बन्धित बिशेषज्ञले शारीरिक क्षतिको समानुपातिक हुने गरी निर्धारण गरेको बीमाङ्कको प्रतिशत रकम । |

२. औषधोपचार बीमा, सुबिधा प्रकरण अनुसार बीमालेखमा संलग्न तालिका जोखिम बहन गरिने छ ।
औषधोपचार बीमाको दावी भुक्तानी अस्पताल उपचार र घरायसी उपचार सुबिधा अन्तर्गत प्रदान गरिने छ ।

३. निम्न प्रकारका रोगहरूलाई घातक रोगको रूपमा परिभाषित गरिएको छ ।

**1. Major Cancer**

The major types of cancer are carcinoma, sarcoma, melanoma, lymphoma, and leukemia. Carcinomas - the most commonly diagnosed cancers - originate in the skin, lungs, breasts, pancreas, and other organs and glands.

**2. Both Kidneys Failure**

Kidneys can become damaged from a physical injury or a disease like diabetes, high blood pressure, or other disorders. High blood pressure and diabetes are the two most common causes of kidney failure. Kidney failure does not happen overnight. It is the end result of a gradual loss of kidney function

**3. Primary Pulmonary Arterial Hypertension**

Primary pulmonary hypertension (PPH) is high blood pressure in the lungs. It is also known as idiopathic pulmonary arterial hypertension. It's a rare lung disorder in which the blood vessels in the lungs narrow (constrict) and the pressure in the pulmonary artery rises far above normal levels.

**4. Multiple Sclerosis**

Primary Progressive Multiple Sclerosis. Multiple sclerosis (MS) is a disease that interferes with your brain's ability to operate your body. PPMS is identified by steadily worsening neurologic functions in the beginning without distinct relapses (attacks or exacerbations) or remission.

**5. Major Organ Transplant**

Organ transplantation is a medical procedure in which an organ is removed from one body and placed in the body of a recipient, to replace a damaged or missing organ. Organs that have been successfully transplanted include the heart, kidneys, liver, lungs, pancreas, intestine, thymus and uterus.

**6. Coronary Artery By-pass Graft (CABG)**

A coronary artery bypass graft (CABG) is a surgical procedure used to treat coronary heart disease. It diverts blood around narrowed or clogged parts of the major arteries to improve blood flow and oxygen supply to the heart.

**7. Surgery to Aorta**

The current standard surgical treatment of a thoracic aortic aneurysm is the open-chest approach. The main purpose of open-chest surgery to treat a thoracic aneurysm is to replace the weakened portion of the aorta with a fabric tube, called a graft. However, neglecting the aneurysm presents a higher risk.

**8.Heart Valve Surgery**

Heart valve surgery is a procedure to treat heart valve disease. Heart valve disease involves at least one of the four heart valves not working properly. Heart valves keep blood flowing in the correct direction through your heart.

**9. Stroke**

The sudden death of brain cells due to lack of oxygen, caused by blockage of blood flow or rupture of an artery to the brain. Sudden loss of speech, weakness, or paralysis of one side of the body can be symptoms.

**10. Myocardial Infarction – First Heart Attack**

A myocardial infarction (MI), also known as a heart attack, occurs when blood flow decreases or stops to a part of the heart, causing damage to the heart muscle. The most common symptom is chest pain or discomfort which may travel into the shoulder, arm, back, neck or jaw.

**11. Coma**

A coma is a deep state of unconsciousness in which individuals do not consciously respond to stimuli in their environment.

**12. Permanent Paralysis of Limbs**

Define Permanent Paralysis of Limbs. means Total and irreversible loss of use.

**13. Parkinson's Disease**

A slowly progressive neurologic disease that is characterized by a fixed inexpressive face, tremor at rest, slowing of voluntary movements, gait with short accelerating steps, peculiar posture and muscle weakness (caused by degeneration of an area of the brain called the basal ganglia), and low production of the neurotransmitter dopamine.

**14. End-Stage Lung Disease**

End-stage lung disease is the most severe form of a lung disease. When a specific lung disease progresses to the point that lung function is seriously compromised, the disease is considered "end-stage." Most patients are diagnosed with a specific lung disease long before it progresses to end-stage.

**15. End-Stage Liver Failure**

Chronic liver failure, also called end-stage liver disease, progresses over months, years, or decades. Most often, chronic liver failure is the result of cirrhosis, a condition in which scar tissue replaces healthy liver tissue until the liver cannot function adequately.

**16. Blindness – Permanent and Irreversible**

Loss of useful sight. Blindness can be temporary or permanent. Damage to any portion of the eye, the optic nerve, or the area of the brain responsible for vision can lead to blindness. The current politically correct terms for blindness includes visually handicapped and visually challenged.

**17. Third Degree Burns – of specified severity**

A burn in which the damage has progressed to the point of skin death. The skin is white and without sensation. In extreme cases damage may extend beyond the skin and into underlying tissue. In these cases, the skin may be blackened or burned away.

**18. Alzheimer's Disease/Severe Dementia**

Dementia is an overall term for diseases and conditions characterized by a decline in memory, language, problem-solving and other thinking skills that affect a person's ability to perform everyday activities. Memory loss is an example. Alzheimer's is the most common cause of dementia

**19. Brain Surgery**

The term "brain surgery" refers to various medical procedures that involve repairing structural problems in the brain. There are numerous types of brain surgery. The type used is based on the area of the brain and the condition being treated.

**20. Motor Neuron Disease-permanent neurological deficit with persisting clinical**

Spinal muscular atrophy (SMA) is an inherited disease that affects lower motor neurons. It is the most common genetic cause of infant mortality. Defects in the Spinal Muscular Neuron (SMN) gene result in a loss of the SMN protein. Low levels of the SMN protein cause lower motor neurons to deteriorate, producing muscle weakness and wasting.

## विशेष अवस्था

➢ घातक रोग विरुद्धको क्षतिपूर्ति सम्बन्धित बीमाङ्क बराबर रकम रोग प्रमाणित भएकै अवस्थामा प्रदान गरिनेछ ।

➢ घातक रोगको क्षतिपूर्ति भुक्तानीको लागि सम्बन्धित रोगको दक्ष चिकित्सकद्वारा रोग निरूपण भएको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

➢ घातक रोगको क्षतिपूर्ति भुक्तानीको लागि सम्पूर्ण प्याथोलोजी टेष्ट (Pathalogy Test) को रिपोर्ट अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

➢ घातक रोग वापत पूर्ण क्षतिपूर्ति प्राप्त गरिसकेपछि घातक रोग बिरुद्धको अन्य औषधोपचार वापतको क्षतिपूर्ति भुक्तान गरिने छैन ।

## परिभाषा

१. बीमालेखले एकल व्यक्तिको जोखिम वहन गर्ने छ । परिवारका अन्य सदस्यहरूको जोखिम वहन गर्न सुबिधा प्रकरण अनुसारको बीमाशुल्क थप गर्नु पर्नेछ ।

२. दुर्घटना - 'दुर्घटना' भन्नाले बाहिरी, आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ ।
(क) दुर्घटनाको हकमा २ वर्ष नाघेका र ७५ वर्षसम्मका व्यक्तिहरूको मात्र जोखिम वहन गरिनेछ ।

३. औषधोपचार - औषधोपचार भन्नाले सामान्य घरायसी तथा अस्पताल भर्ना भएर गरिने उपचारलाई बुझाउँछ ।
(क) औषधोपचारको हकमा ३ महिनादेखि ७५ वर्षसम्मका व्यक्तिहरूको मात्र जोखिम वहन गरिनेछ ।

४. घातक रोग - जीवन जोखिमपूर्ण अवस्था रहने वा रोग निवारण गर्न मुश्किल पर्ने सघन रोगहरूलाई घातक रोग भन्ने बुझाउँछ ।

५. अस्पताल - अस्पताल भन्नाले उपचार र सेवा गर्नको लागि संचालन भएको अधिराज्यभित्रको स्थानीय निकायहरूमा दर्ता भई अनुमति प्राप्त र दक्ष चिकित्सकको सुपरिवेक्षण अन्तर्गत रहेको अस्पताल, नर्सिङ्ग होम, क्लिनिकलाई बुझाउँछ ।

६. अस्पताल सुबिधा - अस्पताल सेवा भन्नाले कम्तिमा २४ घण्टा अस्पताल, नर्सिङ्ग होम, क्लिनिकमा बसी उपचार गर्ने कार्यलाई बुझाउँछ ।

७. घरायसी सुबिधा - अस्पताल तथा क्लिनिकमा गई ओ.पि.डी. मार्फत उपचार सेवा लिएर घरमै बसी गरिएको औषधोपचारलाई बुझाउँदछ ।

## अपवाद

यस बीमालेख अन्तर्गत देहायको अवस्थामा बीमकले दावी भुक्तानी गर्ने छैन ।

१. आफैले जानी जानी लगाएको चोटपटक, आत्महत्या वा आत्महत्याको प्रयास, मादक पदार्थ वा लागू औषधिको प्रयास, पागलपन

२. साहसिक तथा खतरनाक खेलकूद वा कार्यमा संलग्न हुने अवस्था, पर्वतारोहण र शिकार

३. प्रचलित कानून भंग वा वर्खिलाफ गरेको परिमाणबाट सृजना भएको जोखिम

४. औषधोपचार सुबिधा अन्तर्गत सुई वा खोप वा लिङ्ग परिवर्तन, प्लाष्टिक सर्जरी कुनै किसिमको प्रशोधन वा सौन्दर्यात्मक उपचारको दावी भुक्तानी दिइने छैन ।

५. चश्मा र चश्मासंग सम्बन्धित दावी भुक्तानी

६. दाँत तथा दाँतसंग सम्बन्धित उपचारमध्ये औषधोपचार तालिकाको सीमाभित्रको अवस्थामा बाहेक दाँत सफा गरेको, Root Scaling गरेको, दाँत मिलाएको ।

७. गर्भपात⁄गर्भपतन सम्बन्धित दावी भुक्तानी गरिने छैन र गर्भावस्था तथा शिशु जन्मसंग सम्बन्धित दावी औषधोपचार बीमा तालिका बमोजिम हुनेछ ।

८. युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्) गृह युद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमितको मृत्यु भएमा वा चोटपटक लागेमा,

९. यस बीमालेखमा परिभाषित दुर्घटनाको परिणाम स्वरूप सिर्जना भएको क्षति (Consequential Loss),

१०. आणविक बिकीरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वत: जारी रहने अणुको विच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

११. आणविक हात-हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना,

## शर्तहरू

१. यो बीमाशुल्क एकल बीमितको मात्र हो । बीमितको एकाघरको सदस्यहरूको प्रति व्यक्ति सुबिधा अनुसारको शुरु बीमाशुल्क थप गरी जोखिम वहन गर्न सकिने छ ।

२. यस बीमालेखको कुनै भागमा प्रयोग हुने विशेष अर्थ सहितको शब्द वा वाक्यांशको अर्थ जहाँ जुन अवस्थामा प्रयोग हुन्छ, त्यही मान्य हुनेछ ।

३. यस बीमालेख अन्तर्गत दिनुपर्ने वा गर्नु पर्ने हरेक सूचना वा संचार अनुसूचीमा लेखिए बमोजिम लिखित रूपमा पेश गर्नु पर्नेछ ।

४. यस बीमालेख अन्तर्गत भुक्तान गर्नु पर्ने बीमाशुल्क अग्रिम रूपमा भुक्तान गर्नु पर्नेछ । कम्पनीको अधिकार प्राप्त अधिकारीको दस्तखत सहितको कम्पनीको आधिकारिक बीमाशुल्क प्राप्तिको रसिद मात्र मान्य हुनेछ । बीमाशुल्कको समुचित भुक्तानी र यस बीमालेखको शर्त, प्रावधान, अवस्था र समर्थनको साथै बीमित तथा बीमा गरिएको व्यक्तिद्वारा गरिनु पर्ने कुनै कार्य र सम्बन्धित क्रियाकलापको पालन र पूर्ण अनुसरण नै यस बीमालेख अन्तर्गत कम्पनीले भुक्तानी गर्ने दायित्वको पूर्व शर्त हुनेछ । लिखित रूपमा तथा कम्पनीको अधिकार प्राप्त अधिकारीले हस्ताक्षर नगरेको कुनै पनि शर्त, प्रावधान, अवस्था र समर्थनको परित्याग मान्य हुने छैन ।

५. कुनै घटनाको कारणले यस बीमालेख अन्तर्गत परेको दावीबारेको खबर अस्पताल भर्ना भएको वा घरमा उपचार गरेको मितिले ७ दिनभित्र खुलस्त पारी कम्पनीलाई दिनु पर्नेछ र अस्पतालमा वा घरमा उपचार बीमा अन्तर्गत उपचार समाप्त भएपछि सोको ३० दिनभित्र दावी गर्नु पर्नेछ ।

६. बीमालेख जारी गरिसके पछि जारी गरिएको मितिले औषधोपचार बीमा अन्तर्गत ३० दिनको Waiting Period र घातक रोगको लागि ६० दिनको Waiting Period लाग्नेछ । Maternity को लागि ७ महिनाको Waiting Period लाग्नेछ ।

७. यस बीमालेख अन्तर्गत बीमितको तर्फबाट बीमकलाई गरिएको दावी सम्बन्धी घटना घटेको प्रमाणित हुने कागजात बीमक समक्ष पेश नभएसम्म बीमकले यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्ने छैन ।

८. दुर्घटनाबाट बीमितको मृत्यु भएको अवस्थामा बीमितको मृत्युको कारण सम्बन्धमा मान्यता प्राप्त चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन बीमक समक्ष पेश नभएसम्म बीमकले यस बीमालेख अन्तर्गत दावी भुक्तानी गर्ने छैन ।

९. दावीसंग सम्बन्धित रहेका सबै मूल बिल भर्पाई तथा अन्य सबै कागजातका साथै दावीलाई पुष्टि गर्ने खालका अन्य कागजात जुन कम्पनीद्वारा मागिएको हुन्छ र बीमितले कम्पनीमा पेश गर्नु पर्नेछ ।

१०. बीमकले बीमितको अन्तिम ठेगानामा पठाएको सात दिनको सूचनाद्वारा यो बीमालेख खारेज गर्न समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ । बीमितले त्यस्तो सूचना प्राप्त गरेको मितिबाट यो बीमालेख खारेज भएको मानिनेछ र यसरी बीमालेख खारेज भएको कारणले बीमालेख कायम रहेको अवधिमा घटेको दावी योग्य दुर्घटना वापतको दावीमा कुनै प्रतिकूल असर पर्ने छैन ।

११. बीमितको अनुरोधमा कुनै पनि समयमा बीमालेख रद्द गर्न सकिनेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बाँकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ । तर छोटो अवधिको बीमालेख जारी हुनेछैन ।

| | **अवधि** | **वार्षिक बीमाशुल्कको प्रतिशत** |
|---|---|---|
| क) | एक हप्तासम्म | दश प्रतिशत |
| ख) | एक महिनासम्म | बीस प्रतिशत |
| ग) | दुई महिनासम्म | तीस प्रतिशत |
| घ) | तीन महिनासम्म | चालीस प्रतिशत |
| ङ) | चार महिनासम्म | पचास प्रतिशत |
| च) | पाँच महिनासम्म | साठ्ठी प्रतिशत |
| छ) | छ महिनासम्म | सत्तरी प्रतिशत |
| ज) | सात महिनासम्म | अस्सी प्रतिशत |
| झ) | आठ महिनासम्म | नब्बे प्रतिशत |
| ञ) | आठ महिनाभन्दा बढीको लागि | शत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दावी नभएको हुनु पर्नेछ ।

१२. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

१३. बीमकले बीमालेख नवीकरण गर्ने वा नगर्ने कुराको सूचना त्यस्तो बीमालेखको अवधि समाप्त हुनु एक महिना अगावै जारी गर्नुपर्नेछ । नवीकरण सूचनामा बीमालेख नवीकरण गर्दा लाग्ने बीमाशुल्क गणना तालिकाको पूर्ण रूप संलग्न गर्नु पर्नेछ । त्यस्तो नवीकरण सूचना बीमितले प्राप्त नगरेको कारणले बीमकले कुनै दायित्व व्यहोर्नु पर्ने छैन ।

१४. बीमितको बारेमा प्रस्तावक वा बीमितले मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम अनुमान गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा विवरण उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य जानाजान लुकाएमा वा बीमितबाट यस बीमालेखको कुनै पनि शर्त पालना नभएमा यस बीमालेख अन्तर्गत बीमकले दावी भुक्तान गर्ने छैन ।

१५. बीमकको तर्फबाट सही छाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तान भएको मानिने छैन ।

१६. कुनै दावी जालसाजीपूर्ण भएमा वा दावीको सिलसिलामा झुठ्ठा बयान दिई बीमितले वा निजको तर्फबाट काम गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै अनुचित लाभ उठाउन खोजेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट वंचित हुनेछ ।

१७. यो बीमालेख अन्तर्गतको दावी बीमकबाट अस्वीकार भएको तीन महिनाभित्र कुनै नालिस उजुर नगरेमा वा बीमा ऐन, २०७९ बमोजिम नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा निर्णय दिएको कागजात प्राप्त भएको मितिले पैतिस (३५) दिनभित्र पुनरावेदन अदालतमा नालिस/उजुर नगरेमा बीमित यो बीमालेख अन्तर्गतको सबै लाभबाट वंचित हुनेछ ।

१८. यो बीमालेखका शर्तहरू बमोजिम बीमक वा बीमितलाई दिइने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ ।

१९. यो बीमालेखका अन्तर्गत परेको दावी यकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमित वा निजको हकवालाको हुनेछ ।

२०. यस बीमालेख अन्तर्गत बीमा दावी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित बीमा ऐन बमोजिम हुनेछ ।